५५३

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २६ गते ०१० साल

## भाग १३

## योजनाविकाश तथा कृषिविभागको विज्ञप्ति

२००८ साल चैत्र १६ गते हाल आवादीतर्फको नियम प्रकाश भएको गजेट संख्या ३४ को भाग ४ र २००६ साल वैशाख १६ गतेको गजेट संख्या ३८ र २००६ साल चैत्र २४ गतेको गजेट संख्या ३३ मा प्रकाशित भएको नियमबमोजिम हाल आवादीको प्रारम्भिक कारवाई जिल्लाबाट गरी अन्तिम निर्णयको लागि केन्द्रमा पठाउने गरेकोमा अबउप्रान्तदेखि ५ व्यक्तिको एक परिवारलाई पहाडमा खेत रोपनी ३०, पाखो ५० रोपनी-सम्म र मधेशमा १० बिगाहासम्म रैकर जमीन हाल आवादी गर्न दिनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५५१०

बागी गढी, गौंडा, गोस्वारा र माल दुवै अड्डाले उपरोक्त गजेटमा लेखिएका र भैराखेका सवालका अरू कुराको रीत पुर्‍याई जाँची दिन हुने ठहराएमा इलाकामै दर्ता गरी दिई खाली त्यस्तो हाल आवादी गराएका जग्गाको लगतको रिपोर्ट मात्र कुमारीचोकमा र कृषिपरिषद् मार्फत यस विभागमा जाहेर गर्नु

आज्ञाले—

भीमबहादुर पांडे.

सेक्रेटरी — योजना विकाश तथा

कृषिविभाग.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।